# समाज रुपान्तरणमा रङ्गमञ्चको विशेष मुख्य भूमिका छ : *उपप्रमुख डङ्गोल*

**सौर्य समाचार**




काठमाडौं । काठमाडौं महानगरपालिका उपप्रमुख सुनिता डङ्गोलले हामीले हेरेका र देखेका सामाजिक रुपान्तरणदेखि राजनीतिक क्रान्तिसम्ममा रङ्गमञ्चको मुख्य भूमिका रहिआएको बताएकी छन् । उनले नाटचकर्मी महासङ्घ नेपालको दोस्रो केन्द्रीय महाधिवेशन उद्घाटन समारोहमा समाजको यथार्थलाई कथाका माध्यमबाट दिशानिर्देश गर्नसक्ने बलियो आधारका रुपमा रङ्गमञ्च रहेको धारणा राखिन् ।

उपप्रमुख डङ्गोलले भनिन्, 'जुन सन्देश बोली, बचन, लेखेर दिन सकिन्न, त्यो सन्देश नाटकको माध्यमबाट बुलन्दरुपमा सजिलै दिन सकिन्छ, नेपाली समाजमा परम्परादेखि नै रङ्गमञ्चको बेग्लै विशिष्टता महत्व रहिआएको छ ।' उनले रङ्गमञ्चले समाजलाई ऐना देखाइरहेको मात्र नभई समाजको ऐना पनि बनिरहेको सुनाइन् । उनले भनिन्, 'समाजलाई आज हामी कुन बाटोमा लैजाँदै छौं, भोलि कुन दिशातर्फ लग्ने हो भन्ने मार्गदर्शन गर्न पनि रङ्गमञ्चको विशिष्ट भूमिका हुन्छ ।' नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले सविधान र कानुनको मर्म र भावना अनुरुप सबै जातजाति एवं समुदायलाई सामाजिक रुपान्तरणका लागि सन्देश दिने ढङ्गबाट रङ्गमञ्चले सन्देशप्रवाह गर्न सक्नुपर्ने विचार प्रकट गरे । उनले सामाजिक रुपान्तरणमा कला, साहित्य, संगीत तथा नाटकले दिशाबोध गर्न सक्नुपर्ने विचार व्यक्त गरे ।

नाटचकर्मी महासङ्घ नेपालका पूर्वअध्यक्ष विजय विस्फोटकले सडक र पूर्वाधार विकासले मात्र देशले समृद्धि प्राप्त गर्न कठिन हुने भएकाले बलियो नीति तथा विधि बनाएर कला र संस्कृतिको संरक्षण एवं विकासलाई संगसँगै लैजानुपर्ने आवश्यकतामा जोड दिए । महासङ्घका संस्थापक बैकुण्ठ भण्डारीले रङ्गकर्मीको पेसागत सुरक्षाका लागि मुख्य उद्देश्य बनाएर महासघ स्थापना गर्न परेको घटना सुनाए ।

चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौलाले रङ्गमञ्च मात्र नभइ सिनेमा क्षेत्रसमेत राजनीतिक भागबण्डामा परेकाले यस क्षेत्रको ओज र गरिमा धुमिल हुन पुगेको विचार प्रकट गरे । सिल्क रोड इन्टर नेसनल लिग अफ थिएटरका संस्थापक सदस्य दीपक सरकारले देशको पहिचानका रुपमा रहेका कला, सस्कृति, पहिचानसँग जोडिएका विषयवस्तुलाई रङ्गमञ्चका माध्यमद्वारा जीवन्त राख्ने कार्यलाई समाजका सबै क्षेत्रबाट सहयोग पुऱ्याउन जरुरी रहेको धारणा राखे । प्रा.डा रामचन्द्र पोखरेलले रङ्गमञ्च जीवनको पुर्नसिर्जना भएको टिप्पणी गरे । अध्यक्ष राजेन्द्र रिमालले आगामी कार्यकालमा देशभित्र र बाहिरको नाटकसँग सम्बन्धित सङ्घसंस्था र व्यक्तिसँग समन्वय, सम्पर्क र सञ्जाल निर्माणलाई प्राथमिकतामा राखेर काम गर्न आवश्यक रहेको बताए । मुलुकमा लोकतन्त्र र मानव अधिकारका लागि अग्रमोर्चामा रहेर काम गर्ने कलाकारको संस्थाकारुपमा विस २०६५ मा स्थापना भएको हो । कार्यक्रममा रङ्गमञ्च एवं संस्था स्थापनाका लागि विशिष्ठ योगदान पुऱ्याउने भण्डारी र विस्फोटकलाई सम्मान प्रदान गरियो ।

यसैगरी, महासंघमा नयाँ नेतृत्व चयन भएको छ । महाधिवेशनले राजेन्द्र रिमालको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको हो । ११ सदस्यीय केन्द्रीय कमिटीमा उपाध्यक्षमा प्रवीण पुमा, महासचिवमा जेवी डिसी, सचिवमा दीपक निरौला, कोषाध्यक्षमा मञ्जु गिरी र सदस्यमा पुरु लम्साल, दीपक आचार्य, राम केएसी, पुष्पराज अवस्थी र शुसिला लक्ष्मी महर्जन निर्वाचित भएका छन् ।

# पराजुलीको 'चित्रलेखाको चौरासी'

**सौर्य समाचार**




काठमाडौं । लेखक प्रज्वल पराजुलीद्वारा लिखित दोस्रो कृति 'चित्रलेखाको चौरासी' बजारमा आएको छ । लेखक नारायण वाग्लेलाई पुस्तक उपहार दिँदै उनले उक्त कृति सार्वजनिक गरेका हुन् । यो कृति 'ल्याण्ड ह्वेर आइ फ्ली' को नेपाली अनुवाद हो । यसअघि उनले लघुकथा संग्रह 'द गुर्खाज डटर' ल्याइसकेको छन् । सार्वजनिक कार्यक्रममा लेखक सगुना शाहले यो उपन्यास अंग्रेजी भाषामा पढिसकेकी सुनाइन् । उनले भनिन्, 'कुशलतापूर्वक गरिएको नेपाली अनुवादमा भने यसका पात्र र परिवेशले अझ विविधता समेटेको पाएँ ।'

विभू लुइँटेलले नेपाली भाषामा अनुवाद गरेको यो कृतिलाई नेपालयले प्रकाशन गरेको हो । लेखक प्रज्वलले उपन्यास हजुरआमाको चौरासीका लागि संसारभरबाट भेला भएका सन्तानको भोगाइमा केन्द्रित रहेको बताए । उनले भने, 'यो उपन्यास हजुरआमाको चौरासीका लागि संसारभरबाट भेला भएका सन्तानको भोगाइमा आधारित छ । त्यसैले अंग्रेजी पुस्तकमा प्रयोग गरिएको नाम 'ल्याण्ड ह्वेर आइ फ्ली' भन्दा नेपाली अनुवाद पुस्तकको नाम 'चित्रलेखाको चौरासी' अझ बढी सान्दर्भिक भएको महसुस गरेँ ।'

नेपालीमा अनुवाद गरिएको यो कृतिलाई विश्वभरका पाठकले अमेजनबाट खरिद गर्न सक्नु भने थुप्रै डट कमबाट यसको इबुक पनि किन्न सकिने नेपालयले जनाएको छ । यो उपन्यास तीन वर्षअघि 'इमिल गिमेट प्राइज' मनोनयनमा परेको थियो । यसको फ्रान्सेली अनुवादसमेत त्यसै वर्ष उक्त मुलुकको 'फर्स्ट नोबल प्राइज' को मनोनयनमा पर्न सफल भएको छ । यसैगरी बेलायतको 'इन्डिपेन्डेन्ट', अमेरिकाको 'अ कान्सास सिटी स्टार' र भारतको 'हिन्दूस्तान टाइम्स' ले आफ्ना समीक्षामा यसलाई वर्षकै उत्कृष्ट पुस्तकको सूचीमा समेत राखेको थियो । ३ सय ८८ पृष्ठको यस पुस्तकको मूल्य आठ सय ७५ रूपैयाँ राखिएको छ ।

# रिदमले ल्याए 'तिमी आएपछि'



**सौर्य समाचार**

काठमाडौं । संगीत संयोजक रिदम कँडेलले नयाँ गीत 'तिमी आएपछि' सार्वजनिक गरेका छन् । शनिबार रिदम कँडेल युट्युब च्यानलमार्फत उक्त गीत सार्वजनिक गरिएको हो । सिर्जना पोखरेलको शब्द रचना रहेको गीतमा रिदम कँडेलकै संगीत रहेको छ । गायनमा गायक कँडेललाई सिर्जना पोखरेलले साथ दिएकी छन् ।

एक गीतकार र संगीतकारबीच प्रेम भयो भने जीवन कस्तो हुन्छ भन्ने कथा गीतको भिडिओमा देखाइएको छ । यस भिडिओको निर्देशन सिर्जना पोखरेलले गरेकी हुन् । सौरभ लामिछानेले छायांकन गरेको गीतको भिडियोलाई रोशल पौडेलले सम्पादन गरेका छन् ।

# खस्किँदै पठन संस्कृति

बागलुङ । धौलागिरिको जेठो सामुदायिक पुस्तकालय 'विद्यामन्दिर पुस्तकालय' स्थापना भएको ७७ वर्ष पूरा भएको छ । राणाकालीन समयमा ओमप्रसाद गौचन र मेघकुमार वैद्यले गोरखपुरबाट पुस्तक खरिद गरेर सो पुस्तकालय स्थापना गरेका थिए । सत्र हजारभन्दा बढी पुस्तक सङ्ग्रहित रहेको पुस्तकालयको अहिलेको चुनौती भनेको आमपाठकको अभिरुचि नै हो । कुनै दिन पाठकले भरिभराउ हुने उक्त पुस्तकालयमा अहिले मुस्किलले दुई दर्जन पाठक पुग्ने गरेका छन् । पछिल्लो पुस्तामा पठन संस्कृतिको विकास नहुनु र डिजिटिल माध्यममा विद्यार्थीले समय व्यतित गर्दा सामुदायिक पुस्तकालयमा विद्यार्थीको आकर्षण घटिरहेको जनाइएको छ । पछिल्लो समय सामुदायिक पुस्तकालय धरासायी भइरहेको सन्र्दभमा यहाँको राणाकालीन पुस्तकालय भने पठन संस्कृति जगाउन प्रयासरत देखिन्छ ।

यसका लागि पुस्तकालयले आफूलाई परिमार्जन गर्दै प्रविधिमैत्री हुने, पठन संस्कृतिको विकास गराउने रचनात्मक क्रियाकलाप जस्ता रोचक कार्यक्रममा सक्रिय देखिएको छ । पुस्तकालयले विद्यार्थीलाई पुस्तकालयमा पठन सस्कृतिप्रति अभिरुचि जगाउन एकपछि अर्को अभियान चाल्दै आएको हो । पुस्तकको महत्व बढाउँदै पठन संस्कृतिको विकास गर्नका लागि विद्यार्थी लक्षित कार्यक्रम चलाइरहेको विद्यामन्दिर पुस्तकालयका अध्यक्ष राम थापाले बताए । उनले एक महिना अघिमात्रै 'बाजेबज्यैको कथा मेरो सचित्र' कार्यक्रममार्फत विद्यार्थी लक्षित कार्यक्रम गरेको पुस्तकालयले अहिले 'पुस्तौँपुस्ताका लागि पुस्तकालय', 'ज्ञानका लागि पुस्तकालय', 'किन पढ्ने पुस्तक' र पुस्तकालय अब इतिहास कि आवश्यकता लगायतका विभिन्न शीर्षकमा कार्यक्रम तथा बहस गरिएको जानकारी दिए ।

उनले भने, 'चार/पाँचवर्ष पहिलासम्म दैनिक सय/दुई सयको हाराहारीमा पाठक पुस्तकालय आउथे, अहिले पाठक घटेका छन्, हुनत पुस्तक किनेर घरमै पढ्ने चलन आइसक्यो कम्प्युटरमा अनलाइन पुस्तकसमेत पढ्न पाइने व्यवस्था पुस्तकालयमा छ । पठन संस्कृतिको विकास गर्न विद्यालयका विद्यार्थीलाई पुस्तकालयमा आमन्त्रण गर्ने, अध्ययन अवलोकन भ्रमण गराउने, हस्तलिखित पुस्तकसमेत देखाउने गरेका छौँ, ऐतिहासिक दस्तावेजसमेत भएको यस पुस्तकालयमा धेरै पुस्तक अन्यत्र पाइदैनन्, हामीले पाठक आकर्षण गर्नका लागि रचनात्मक काम गर्दै आएका हौँ ।' १६औँ राष्ट्रिय पुस्तकालय दिवसको अवसर पारेर विद्यामन्दिर पुस्तकालयले पुस्तकालय र पुस्तकको महत्वको विषयमा वक्तृत्वकलासमेत आयोजना गरेको छ । यस्तै उपन्यासकार तथा लेखक गणेश पौडेलसँग 'पुस्तक किन पढ्ने' भन्ने विषयमा संवाद गरिएको छ भने वरिष्ठ अधिवक्ता काजी गाउँले श्रेष्ठ र पत्रकार मुकेशचन्द्र राजभण्डारीसँग पुस्तकालय अब आवश्यकता कि इतिहास भन्ने विषयमा अन्तरसंवाद गरिएको हो । उक्त अन्तरसंवादमा समेत पुस्तकप्रेमी र विभिन्न विद्यालयका विद्यार्थीलाई सहभागी गराइएको थियो ।

अन्तरसंवादमा 'पैतला' उपन्यासका लेखक पौडेलले विद्यालयको किताबसँगै अतिरिक्त समयमा पुस्तकालयका किताब पढ्न आवश्यक रहेको बताए । उनले अध्ययनविना कुनै विज्ञता हासिल गर्न नसकिने भन्दै अध्ययनको दायरा फराकिलो बनाउन पुस्तक पढ्न आवश्यक रहेको विचार व्यक्त गरे । उनले भने, '१० कक्षासम्म अध्ययन गरेका विद्यार्थीले कम्तीमा १० पाठचक्रम बाहिरका पुस्तक अध्ययन गर्न आवश्यक हुन्छ, पठन संस्कृति नहुँदा सामाजिक सञ्जालमा समय बिताउने परिपाटीले हामीलाई सही स्थानमा लादैन नत गन्तव्यमै पुऱ्याउछ । अध्ययनको सिमा साँघुरो भएको छ अहिले अध्ययनलाई बढाउन सकेमात्रै सबैभन्दा अब्बल भइन्छ, विद्यार्थीले कम्तीमा वर्षको एउटा अतिरिक्त पुस्तक भए पनि पढ्न आवश्यक छ ।'

पत्रकार राजभण्डारीले पुस्तकालयले पाठक खोज्नुपर्ने अवस्था आउनु चिन्ताको विषय भएको बताए । उनले पुस्तकालयले नयाँ र पुरानो पुस्तालाई जोड्न प्रविधिलाई समेत जोड्नुपर्ने धारणा राखे । उनले भने, 'राणाशासनमा गोराखपुरबाट खच्चडमा बोकाएर खोलामा डुङ्गा तारेर पुस्तक ल्याएर स्थापना गरेको विद्यामन्दिर पुस्तकालयको ऐतिहासिक महत्व रहेको, हस्तलिखित पुस्तक सङ्ग्रह गरिएको र धौलागिरिका लेखकद्वारा लेखिएको पुस्तककोसमेत सङ्ग्रह गरिएको पुस्तकालय अध्ययनशील र पाठकप्रेमीका लागि निकै लाभनीय हुनेछ ।' उनले पहिला पुस्तकालय खोज्दै पाठक आउँथे बताए । उनले भने, 'अहिले विद्यामन्दिर पुस्तकालय पाठकको खोजीमा कहिले विद्यालय पुगेको छ भने कहिले पठन संस्कृतिको विकासका लागि रचनात्मक काम गर्दै आएको छ ।' पाठक आकर्षित गर्न नसक्दा बागलुङको अर्को पुरानो सामुदायिक पुस्तकालय ज्ञानोदय भगवती सामुदायिक पुस्तकालय अहिले बन्द रहेको सन्र्दभमा धौलागिरिकै जेठो पुस्तकालय विद्यामिन्दर पुस्तकालयले भने आफ्नो सक्रियता देखाइरहेको छ ।


**Khaptad chhanna Rural Municipality**
**Office Of The Rural Municipal Executive**
**Chhanna, Bajhang**

**INVITATION FOR THE BIDS**

**Date of Publication: 5th Sept.2023 10:00(2080/05/19)**

1. ***Khaptad Channa Rural Municipality*** invites electronic bids from eligible bidders for the Various Projects mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Including VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | KCRM/ NCB/G-01/2080-81 | Procurement for the Supply and Delivery of 1(One) Unit of Excavator,Hydraulic,Crawler with Breaker | 1,40,00,000/- | 3,50,000/- | 3000/- | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***khaptad Channa Rural Municipality,Bajhang,Sudurpaschim Province,Nepal*** , Email info@khaptadchhannamun.gov.np, Phone no. 9849908246 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder May chooses to submit their bid electronically and may download/submit the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Internal Revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Prime Commercial Bank, Chhanna, Bajhang
Name of Office : Khaptad Channa Rural Municipality
Rajaswa Khata Account No. 07600259CA Office Code no.:

**Information to deposit the cost of bid security Deposit:**
Name of the Bank: Prime Commercial Bank, Chhanna, Bajhang
Name of Office: Khaptad Channa Rural Municipality
Dharauti Khata Account No.: 07600103CA

4. Electronic bids must be submitted to ***khaptad Channa Rural Municipality,Bajhang,Sudurpaschim Province,Nepal*** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 5th Oct,2023(2080/6/18) Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm on 5th Oct,2023(2080/6/18))at the office of ***khaptad Channa Rural Municipality,Bajhang,Sudurpaschim Province,Nepal.*** Bids must be valid for a period of 90 (Ninety) after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,amounting mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. ***Khaptad Channa Rural Municipality,Bajhang,Sudurpaschim Province,Nepal***, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. Incaseofdiscrepancyorerrorin Tendernotice,biddocumentandotherdocumentkhaptadChannaRural Municipality,Bajhang,Sudurpaschim Province,Nepal reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the khaptad Channa Rural Municipality.If there is any debate there will be solution as per Standard bid document of PPMO and Public Procurement rules/ Regulation Provided by Nepal Government.

**Chief Administrative officer**